पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
व्याङ्गे, भोजपुर
कोशी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको ३ (तेश्रो) बैठक / २०८२/०८३

मिति : २०८२ साल भाद्र १४ गते शनिवार — समय : अपरान्ह : २ :३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष ) — स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | अनुपस्थित |
| ६ | रमेश राई | सदस्य | अनुपस्थित |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | अनुपस्थित |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | अनुपस्थित |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

अन्य आमान्त्रित

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. प्रदेश समपुरक अन्तरगत डीपबोरिङदेखि बास्तीम चोकसम्मको कालोपत्रे ठेक्का आव्हान गर्ने सम्वन्धमा ।
३. एम्बुलेन्स खरीद गर्ने सम्वन्धमा ।
४. भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।
५. स्वास्थ्य मन्त्रालयमा आयोजना माग गर्ने सम्वन्धमा ।
६. प्रदेश सरकार समक्ष आयोजना माग गर्ने सम्वन्धमा ।
७. पौवादुङमा गाउँपालिका रोजगार कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।
८. स्वास्थ्य चौकीको लागि आवश्यक कर्मचारी बिज्ञापन गर्ने सम्वन्धमा ।
९. विशेष अनुदान अन्तरगत खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम सम्वन्धमा ,
१०. विविध प्रस्तावहरु सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल भाद्र १४ मा सम्पन्न ३ (तेश्रो) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको दोश्रो बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

चालू आ. व. २०८२/०८३ को प्रदेश समपुरक अन्तरगत प्राप्त बजेटबाट सम्पन्न हुने गरी पौवादुङमा ३ को डीपबोरिङ्गदेखि वडा नं. ४ स्थित बास्तीम चोकसम्मको सडक कालोपत्रेका लागि नियमानुसार ठेक्का आव्हान गर्ने । साथै सो सडक खण्डको गुराँसे (साङपाङ) डाँडादेखि मानेडाँडा चोकसम्मको सडकको बिच भागबाट दाँयाबाँया (Right of Way) ४/४ मिटर भित्र बनेका संरचनाहरु हटाउनका लागि सम्वन्धित सरोकारवालाहरुलाई ३५ दिने सार्वजनिक सूचना एवं कोण भेलाको आयोजना गर्ने सर्व सम्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कार्यालयमा संचालनमा रहेको एम्बुलेन्स पुरानो मोडलको भएको मापदण्ड बमोजिमको समेत नभएको हुँदा कार्यालयलाई आवश्यक मापदण्ड सहितको नयाँ एम्बुलेन्स सार्बजनिक खरीद ऐन, २०६३ तथा नियमावली २०६४ एवं CATALOGUE बिधि बमोजिम खरीद प्रक्रिया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

कार्यालयबाट भूमिहीन दलित, सुकुम्बासी पहिचान सम्वन्धी अनलाईन प्रविष्ट गरिएको आवेदनहरु वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिबाट छानविन गरी पेश भएका देहायानुसार आवेदकहरु अनुमोदन गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ बमोजिम भूमि समस्या समाधान आयोग जिल्ला समन्वय समितिको कार्यालय, भोजपुरमा सिफारिस गरी पठाउनेसर्व सम्मत निर्णय गरियो ।

देहाय

| क्र. सं. | परिवारको मुली वा पति पत्नीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लाखध्वज राई | पौवादुङमा १ | भूमिहीन सुकुम्बासी |
| २ | जोरमान राई | पौवादुङमा १ | भूमिहीन सुकुम्बासी |
| ३ | गंगामाया श्रेष्ठ | पौवादुङमा १ | भूमिहीन सुकुम्बासी |
| ४ | तिलक बहादुर सार्की | पौवादुङमा २ | भूमिहीन दलित |
| ५ | बुद्धिमान दर्जी | पौवादुङमा २ | भूमिहीन दलित |
| ६ | ज्ञान बहादुर राई | पौवादुङमा ३ | भूमिहीन सुकुम्बासी |
| ७ | राम बहादुर राई | पौवादुङमा ३ | भूमिहीन सुकुम्बासी |
| ८ | फुल कुमारी सुवेदी | पौवादुङमा ३ | भूमिहीन सुकुम्बासी |
| ९ | मौले राई | पौवादुङमा ४ | भूमिहीन सुकुम्बासी |
| १० | खड्ग बहादुर तामाङ | पौवादुङमा ४ | भूमिहीन सुकुम्बासी |
| ११ | केशर बहादुर भुजेल | पौवादुङमा ६ | भूमिहीन सुकुम्बासी |

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ५

पौवादुङमा गाउँपालिकाको ३ नं. वडाको केन्द्र भागमा करिब ७ रोपनी जग्गामा रहेको बर्थिङ्ग सेन्टर सहितको च्याङ्ग्रे स्वास्थ्य चौकी भवनको निर्माण कार्य बजेट अभावको कारण अधुरो रहेको हुँदा भवन निर्माण सम्पन्न गर्नका लागि आवश्यक योजना तथा बजेटको व्यवस्था गरिदिन तथा स्वास्थ्य संस्थाका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराईदिन स्वास्थ्य मन्त्रालय तथा प्रदेश सरकार स्वास्थ्य मन्त्रालय समक्ष माग गरि पठाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ६

आ. व. २०८२/०८३ मा संचालन हुने गरी योजना तथा आर्थिक मामिला मन्त्रालय प्रदेश सरकार समक्ष देहायका आयोजना तथा कार्यक्रमका लागि आवश्यक बजेट माग गरी पठाउने सर्ब सम्मत निर्णय गरियो ।

तपसिल

(१) किरात राई दुङमाली भाषा सस्कृति संरक्षण मञ्चको केन्द्रीय कार्यालय भवन निर्माण पौवादुङमा ४ बास्तीम मानेडाँडा ।

(२) वडा सामुदायिक भवन पौवादुङमा ५ सानोदुम्मा ।

(३) बालमैत्री स्थानीय शासन संचालन सम्वन्धी कार्यक्रम पालिकास्तरीय

निर्णय नं. ७

पौवादुङमा गाउँपालिकाको आ. व. २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रम अनुसार संचालन हुने पौवादुङमा गाउँपालिका रोजगार कार्यक्रमको लागि वडास्तरबाट रोजगारदाताहरुको सूचि संकलन कार्य यहि २०८२ आश्विन मसान्त भित्र गरिसक्ने र सबै वडाहरुको सूचि प्राप्त भए पश्चात बडादशै तथा शुभदीपावली पछि तदारुकताका साथ कार्यबिधि बमोजिम कार्यक्रम संचालन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

गाउँपालिका अन्तरगतका ६ वटै वडामा संचालित स्वास्थ्य चौकीहरुमा स्वास्थ्य सेवाका कर्मचारीहरु अन्तर पालिका सरुवा भई गएको र जाने क्रममा रहेकोले कतिपय स्वास्थ्य चौकीहरुमा कर्मचारी अभावको कारण सेवा प्रवाहमा समस्या उत्पन्न भई रहेको सन्दर्भ रीक्त रहेको संख्या एकिन गरी एक पटकलाई आवश्यक कर्मचारीहरु स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १३४ बमोजिम सेवा करारमा लिने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

आ. व. २०८२/०८३ मा संचालन हुने बिशेष अनुदान अन्तरगत खुर्सानी खेती कार्यक्रमलाई व्यवस्थित र उपभोक्तामुखी बनाउन अकबरे खुर्सानी खेतिसंग सम्बन्धित कृषक तथा सरोकारवालाहरुसंग टोल स्तरमै आमभेलाको आयोजना गरी अन्तक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने र सोको निष्कर्षको आधारमा कार्यक्रम संचालन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष